Symbol No. ..... **SEE 2075 (2019)** RE-109'AP'

अनिवार्य गणित

नयाँ पाठयक्रम

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।

समय: ३ घण्टा पूर्णाङ्क - १००

सबै प्रश्नहरूको उत्तर दिनुहोस् ।

Answer all the questions.

समूह 'क' (Group 'A') **[3x(1+1)=6]**

१. (क) यदि कुनै ठाउँका शुरुको जनसंख्या P_0, T वर्षपछिको जनसंख्या P_T र वार्षिक जनसंख्या वृद्धिदर Q% भए P_T लाई P_0, T र Q को रूपमा व्यक्त गर्नुहोस् ।

If initial population of any place is P_0, population after T years is P_T and annual rate of population growth is Q% then express P_T in terms of P_0, T and Q.

(ख) बराबर भुजाहरुको नाप x से.मी. र तेस्रो भुजाको नाप y से.मी. भएको समद्विबाहु त्रिभुजको क्षेत्रफल लेख्नुहोस् ।

Write the area of an isosceles triangle having length of equal sides x cm and third side y cm.

२. (क) $(7x)^0$ को मान कति हुन्छ ?

What is the value of $(7x)^0$?

(ख) अविच्छिन्न श्रेणीको तथ्याङ्कलाई तल्लो 25% मा विभाजन गर्ने चतुर्थांशको नाम लेख्नुहोस् ।

Write the name of the quartile which divides the continuous data below 25%.

३. (क) एउटै आधार XY र उही समानान्तर रेखाहरु XY र MN बीच रहेका वर्ग र त्रिभुजको क्षेत्रफल बीचको सम्बन्ध लेख्नुहोस् ।

Write down the relation between the area of a square and a triangle standing on the same base XY and between the same parallel lines XY and MN.

(ख) चक्रीय चतुर्भुजका सम्मुख कोणहरु बीचको सम्बन्ध लेख्नुहोस् ।

Write the relation between the opposite angles of a cyclic quadrilateral.

क्रमश:

समूह 'ख' (Group 'B') [4x(2+2)+3x(2+2+2)=34]

४. (क) रु. 2000 पर्ने एउटा सामानको मूल्यमा 13% मूल्य अभिवृद्धिकर लगाउँदा सो सामानको मूल्य कति पर्छ ? पत्ता लगाउनुहोस् ।
What is the price of an article costing Rs.2000 after levying 13% Value Added Tax? Find it.

(ख) एउटा टेलिभिजनको हालको मूल्य रु. 40,000 छ । यदि यसको मूल्य प्रतिवर्ष 10% ले घट्दै जान्छ भने कति वर्ष पछि यसको मूल्य रु.29,160 हुन्छ ? पत्ता लगाउनुहोस् ।
The present price of a Television is Rs.40,000. If its price reduces every year by 10% after how many years it's price will be Rs. 29,160? Find it.

५. (क) दिइएको चित्रमा ΔXYZ को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the given figure, find the area of ΔXYZ.



(ख) यदि एउटा अर्धगोलाको आयतन 9216π घन से.मी. भए यसको अर्धव्यास पत्ता लगाउनुहोस् ।
If the volume of a hemisphere is 9216π cubic cm then find its radius.

(ग) दिइएको चित्रमा AB = 10 से.मी., AA'=20 से.मी., AC = 8 से.मी. र प्रिज्मको आयताकार सतहहरुको क्षेत्रफल 480 वर्ग से.मी. भए, BC को नाप पत्ता लगाउनुहोस् ।
In the given figure, AB = 10 cm, AA' = 20 cm, AC = 8 cm and the area of rectangular surfaces of prism is 480 square cm, find the length of BC.



६. (क) प्रमाणित गर्नुहोस् । (Prove that) : $\frac{7^{x+2}+7^{x}}{50\times 7^{x}}=1$.

(ख) हरको आनुपातिकरण गर्नुहोस् (Rationalize the denominator of) :
$\frac{\sqrt{2}+1}{\sqrt{2}-1}$

७. (क) ल.स. पत्ता लगाउनुहोस् (Find the L.C.M. of) : $x^2 - y^2$, $(x + y)^2$

(ख) हल गर्नुहोस् (Solve) : $\sqrt{x-2}=\sqrt[3]{125}$.

(ग) यदि दुईओटा क्रमागत जोर संख्याहरुको योगफल 42 भए ती संख्याहरु पत्ता लगाउनुहोस् ।
If the sum of two consecutive even numbers is 42, find the numbers.

क्रमशः

८. (क) दिइएको चित्रमा WXYZ एउटा समानान्तर चतुर्भुज हो । यदि $\angle XAY = 90^o$, AY = 12 से.मी. र $\square WXYZ$ को क्षेत्रफल 120 वर्ग से.मी. छन् भने AX को लम्बाइ पत्ता लगाउनुहोस् ।



In the given figure, WXYZ is a parallelogram. If $\angle XAY = 90^o$, AY = 12 cm and the area of $\square WXYZ$ is 120 sq. cm, find the length of AX.

(ख) दिइएको चित्रमा O वृत्तको केन्द्रबिन्दु हो । यदि $\angle MPN = 6x^o$ र $\angle PMN = 3x^o$ छन् भने $\angle PQN$ को नाप पत्ता लगाउनुहोस् ।



In the given figure, O is the centre of the circle. If $\angle MPN = 6x^o$ and $\angle PMN = 3x^o$, find the size of $\angle PQN$.

(ग) दिइएको चित्रमा O वृत्तको केन्द्रविन्दु हो । PQ र PR दुई स्पर्शरेखाहरु हुन् । यदि $\angle QOR = 120^o$ भए $\angle QPR$ को मान निकाल्नुहोस् ।



In the given figure O is the centre of the circle, PQ and PR are two tangents. If $\angle QOR = 120^o$, find the value of $\angle QPR$.

९. (क) ΔPQR मा PQ = 9 से.मी. र PR = 12 से.मी. छन् । यदि ΔPQR को क्षेत्रफल $27\sqrt{3}$ वर्ग से.मी. भए $\angle RPQ$ को मान निकाल्नुहोस् ।

In ΔPQR, PQ= 9 cm and PR = 12cm. If the area of ΔPQR is $27\sqrt{3}$ sq. cm, find the value of $\angle RPQ$.

(ख) एउटा निरन्तर श्रेणीमा केही विद्यार्थीहरुको औसत तौल 45 कि.ग्रा. र तिनीहरुको तौलको योगफल ($\sum fm$) 540 कि.ग्रा. छन् भने विद्यार्थीहरुको संख्या निकाल्नुहोस् ।

In a continuous series the average weight of some students is 45 kg and the sum of their weights ($\sum fm$) is 540 kg. Find the number of students.

१०. (क) यदि एउटा डाइसलाई उछालियो र उही समयमा एउटा सिक्कालाई उफाऱ्यो भने डाइसमा रुढ संख्या र सिक्कामा अग्रभाग पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।

If a dice is rolled and a coin is tossed at the same time, find the probability of occuring prime number on the dice and head on the coin.

(ख) राम्ररी फिटिएको 52 ओटा तासको गड्डीबाट दुईओटा तासहरु नहेरीकन एकपछि अर्को गरी पुन: नराखीकन झिक्दा रानी तास पर्ने र नपर्ने सम्भावित परिणामहरुका संम्भाव्यताहरुलाई एउटा वृक्षचित्रमा देखाउनुहोस् ।

Two cards are drawn randomly from a well shuffled deck of 52 cards in succession without replacement. Show the probabilities of possible outcomes of getting and not getting a queen card in a tree diagram.

क्रमश:

समूह 'ग' (Group 'C') [10x4=40]

११. मानिसहरुको एउटा समूहमा गरिएको सर्वेक्षणमा 70% मानिसले लोकगीत मन पराएको पाइयो, 60% मानिसले आधुनिक गीत मन पराएको र 4000 ले दुवै मन पराएको पाइयो। यदि 10% ले कुनै पनि गीतमा रुचि नभएको पाइयो भने,
In a survvey of a group of people, it was found that 70% of the people liked folk songs, 60% liked modern songs and 4000 people liked both of them. If 10% liked none of them then,
i) माथिको तथ्यलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस्।
draw a venn-diagram to illustrate the above information.
ii) सर्वेक्षणमा भाग लिएका जम्मा मानिसहरुको संख्या पत्ता लगाउनुहोस्।
find the total number of people in the survey.
iii) लोकगीत मात्र मन पराउने मानिसको संख्या पत्ता लगाउनुहोस्।
find the number of people who like folk song only.

१२. एक जना व्यापरीले £1 = रु. 140 को दरमा रु.8,40,000 को पाउण्ड स्टर्लिङ साट्यो। एकदिन पछि नेपाली मुद्रा 5% ले अधिमूल्यन भयो र उक्त दिनमा उसँग भएको पाउण्ड पुनः नेपाली मुद्रामा साट्दा उसलाई कति नाफा वा नोक्सान भयो होला ? पत्ता लगाउनुहोस्।
A businessman exchanged Rs. 8,40,000 into pound sterling at the rate of £1 = Rs. 140. After one day Nepali currency is revaluated by 5% and he exchanged the pounds which he had into Nepali currency again. What is his gain or loss? Find it.

१३. दिइएको चित्र बेलना र सोली मिलेर बनेको संयुक्त ठोस वस्तु हो। सो वस्तुको आधारको व्यास 16 से.मी., बेलनाकार भागको लम्बाइ 75 से.मी. र ठोस वस्तुको जम्मा लम्बाई 90 से.मी. छन्। उक्त ठोस वस्तुको पुरा सतहको क्षेत्रफल पत्ता लगाउनुहोस्।



The given figure is combined solid made up of a cylinder and a cone. The diameter of the base of the object is 16 cm, length of the cylindrical part is 75 cm and the total length of the solid object is 90 cm. Find the total surface area of the combined solid.

१४. म.स. निकाल्नुहोस् (Find the H.C.F of) :
$b^2(b^2+4bc+4c^2)$, $b^5 + 8b^2c^3$ and $3b^4 + b^3c - 10b^2c^2$

१५. सरल गर्नुहोस् (Simplify):

$$\frac{1}{1-p+p^2}-\frac{1}{1+p+p^2}-\frac{2p}{1-p^2+p^4}$$

१६. दिइएको चित्रमा AM||BC, AB||DC र NB||MC छन् भने प्रमाणित गर्नुहोस् :



i) $\Delta ABN \cong \Delta DCM$

ii) $\square ABCD$ को क्षेत्रफल = $\square NBCM$ को क्षेत्रफल

In the given figure, AM||BC, AB||DC and NB||MC. Prove that:

i) $\Delta ABN \cong \Delta DCM$

ii) Area of $\square ABCD$ = Area of $\square NBCM$

१७. NO = OP= 5.5 से.मी., PM = MN = 4.5 से.मी. र $\angle MNO=75^o$ भएको चतुर्भुज MNOP को क्षेत्रफलसँग बराबर हुने एउटा त्रिभुज MNQ को रचना गर्नुहोस् ।

Construct a ΔMNQ equal in area to the quadrilateral MNOP having NO = OP = 5.5 cm, PM = MN = 4.5 cm and $\angle MNO=75^o$.

१८. वृत्तको एउटै चाप MN मा आधारित केन्द्रीय कोण MAN र परिधि कोण MIN बीचको सम्बन्ध प्रयोगद्वारा सिद्ध गर्नुहोस् । (कम्तीमा 3 से.मी. अर्धव्यास भएका दुईओटा वृत्तहरु आवश्यक छन् ।)

Verify experimentally that the relationship between centre angle MAN and circumference angle MIN standing on the same arc MN of the circle. (Two circles having radii at least 3 cm are necessary)

१९. 30 फिट अग्लो एउटा घरको छतबाट एउटा रुखको टुप्पो हेर्दा अवनति कोण 30^o पाइयो । यदि घर र रुख बीचको दूरी $10\sqrt{3}$ फिट छ भने रुखको उचाई पत्ता लगाउनुहोस् ।

The angle of depression of the top of a tree as observed from the roof of a house 30 ft. high is found to be 30^o. If the distance between the house and tree is $10\sqrt{3}$ ft., find the height of the tree.

२०. तल दिइएको तथ्यांकबाट मध्यिकाको गणना गर्नुहोस् ।

Calculate the median from the data given below.

प्राप्ताङ्क (Marks Obtained)	0 - 20	20-40	40-60	60-80	80-100
विद्यार्थी संख्या (No. of Students)	2	3	5	4	6

क्रमश:

समूह 'घ' (Group 'D') [4x5=20]

२१. एकजना व्यक्तिले बैङ्क 'M' मा दुई वर्षका लागि रु. 50,000 वार्षिक 10% चक्रीय ब्याज पाउने गरी जम्मा गरेछ। तर ठीक एक वर्ष पछि बैङ्कले नीति परिवर्तन गरी सोही ब्याजदरमा अधवार्षिक चक्रीय ब्याज दिने निर्णय गरेछ। पहिलो वर्षको र दोस्रो वर्षको ब्याज रकममा कति प्रतिशतले फरक परेछ ? हिसाब गरी कारण लेख्नुहोस्।

A person deposited Rs. 50,000 in bank 'M' for two years at 10% compound interest annually. But after one year bank has changed the policy and decided to pay semi-annual compound interest at the same rate. What is the percentage difference between compound interests of first and second year ? Give reason with calculation.

२२. एउटा रंगशालाको गेटका चारओटै सतह देखिने 8 फिट अग्ला दुईओटा पिलरहरुमाथि उही आधारका एक-एक ओटा 4 फिट उचाइ भएका पिरामिडहरु राखिएका छन्। प्रत्येक पिलरको आधार 6 फिट x 6 फिट छ। यदि उक्त पिरामिडसहितको पिलरहरुमा प्रति वर्ग फिट रु. 60 का दरले रङ्ग लगाउँदा जम्मा कति खर्च लाग्छ ? पत्ता लगाउनुहोस्।

Two pillars of height 8 feet each where its four faces are shown in the gate of a stadium have one-one pyramid of height 4 feet each having the same base on their tops. The base of each pillars is 6 ft x 6 ft. If the pillar with pyramid are painted at the rate of Rs. 60 per square feet, what will be the total cost? Find it.

२३. एउटा आयताकार खेतको क्षेत्रफल 1440 वर्ग मिटर र परिमिति 152 मिटर छ। उक्त खेतलाई वर्गाकार बनाउन लम्बाई अथवा चौडाइलाई के कति प्रतिशतले घटाउनु पर्छ र किन ? पत्ता लगाउनुहोस्।

The area of a rectangular field is 1440 sq. metre and perimeter is 152 metre. Out of length or breadth, which one is to be decreased by what percentage to make it a square? Find it.

२४. विन्दुहरु S, O, M र I चक्रीय छन्। जहाँ चाप SO = चाप IM छन्। यदि जीवाहरु SM र IO विन्दु K मा प्रतिच्छेदन भएका छन् भने प्रमाणित गर्नुहोस्।

i) ΔSOK को क्षेत्रफल = ΔIMK को क्षेत्रफल

ii) SM = IO.

Points S, O, M and I are concyclic such that arc SO = arc IM. If the chords SM and IO are intersected at the point K, prove that :

i) Area of ΔSOK = Area of ΔIMK.

ii) SM = IO

Symbol No. ..... RE-109'BP'

SEE 2075 (2019)

अनिवार्य गणित

नयाँ पाठ्यक्रम

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।

समय: ३ घण्टा पूर्णाङ्क - १००

सबै प्रश्नहरूको उत्तर दिनुहोस् ।

Answer all the questions.

समूह 'क' (Group 'A') **[3x(1+1)=6]**

१. (क) यदि कुनै ठाउँको शुरुको जनसंख्या M_0 र वार्षिक जनसंख्या वृद्धिदर R% भए सो ठाउँको N वर्ष पछिको जनसंख्या कति हुन्छ ? लेख्नुहोस् ।

If initial population of any place is M_0 and annual rate of population growth is R% then what is the population of that place after N years? Write it.

(ख) बराबर भुजाहरुको नाप x से.मी. र तेस्रो भुजाको नाप y से.मी. भएको एउटा समद्विवाहु त्रिभुजको क्षेत्रफल लेख्नुहोस् ।

Write the area of an isosceles triangle having length of equal sides x cm and third side y cm.

२. (क) $(4a)^\circ$ को मान कति हुन्छ ? लेख्नुहोस् ।

What is the value of $(4a)^\circ$? Write it.

(ख) अविच्छिन्न श्रेणीको तथ्याङ्कलाई तल्लो 25% मा विभाजन गर्ने चतुर्थांशको नाम लेख्नुहोस् ।

Write the name of the quartile which divides the continuous data below 25%.

३. (क) एउटै आधार XY र उही समानान्तर रेखाहरु XY र AB बीच रहेका वर्ग र त्रिभुजको क्षेत्रफलहरुबीचको सम्बन्ध लेख्नुहोस् ।

Write down the relation between the areas of a square and a triangle standing on the same base XY and between the same parallel lines XY and AB.

(ख) चक्रीय चतुर्भुजका सम्मुख कोणहरु बीचको सम्बन्ध लेख्नुहोस् ।

Write the relation between the opposite angles of a cyclic quadrilateral.

क्रमशः

समूह 'ख' (Group 'B') [4x(2+2)+3x(2+2+2)=34]

४. (क) रु. 1000 पर्ने एउटा झोलामा 13% मूल्य अभिवृद्धिकर लगाउँदा उक्त झोलाको मूल्य कति पर्छ ? पत्ता लगाउनुहोस् ।
What is the price of a bag costing Rs.1000 after levying 13% Value Added Tax? Find it.

(ख) एउटा कारको हालको मूल्य रु. 10,00,000 छ । यदि यसको मूल्य प्रतिवर्ष 10% ले घट्दै जान्छ भने कति वर्ष पछि यसको मूल्य रु. 7,29,000 हुन्छ ? पत्ता लगाउनुहोस् ।
The recent price of a car is Rs. 10,00,000. If its price reduces by 10% yearly, after how many years it's price will be Rs. 7,29,000? Find it.

५. (क) दिइएको चित्रमा ΔABC को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the given figure, find the area of ΔABC.



(ख) यदि एउटा अर्धगोलाको आयतन 19404 घन से.मी. भए यसको अर्धव्यास पत्ता लगाउनुहोस् ।
If the volume of a hemisphere is 19404 cubic cm, then find its radius.

(ग) चित्रमा दिइएको प्रिज्मको आयतकार सतहहरुको क्षेत्रफल 1188 वर्ग से.मी., $\angle ABC = 90^o$, AC = 15 से.मी. र B'C' = 9 से.मी. भए AA' को लम्बाई निकाल्नुहोस् ।
In the figure, the area of rectangular surface of given prism is 1188 sq.cm, $\angle ABC = 90^o$, AC = 15 cm and B'C' = 9 cm, find the length of AA'.



६. (क) प्रमाणित गर्नुहोस् । (Prove that) : $\frac{3^{x+1}+3^x}{4\times 3^x}=1$

(ख) हरको आनुपातिकरण गर्नुहोस् (Rationalize the denominator of) : $\frac{\sqrt{5}-\sqrt{3}}{\sqrt{5}+\sqrt{3}}$

७. (क) ल.स. पत्ता लगाउनुहोस् (Find the LCM of) : $a^2 - b^2$, $(a-b)^2$

(ख) हल गर्नुहोस् (Solve) : $\sqrt{x+1}=\sqrt[3]{8}$.

(ग) यदि दुईओटा क्रमागत जोर संख्याहरुको योगफल 26 भए, ती संख्याहरु पत्ता लगाउनुहोस् ।
If the sum of two consecutive even numbers is 26, then find the numbers.

क्रमशः

८. (क) दिइएको चित्रमा PQRS एउटा समानान्तर चतुर्भुज हो । यदि $\angle QAR = 90^o$, AQ = 8 से.मी. र $\square PQRS$ को क्षेत्रफल 72 वर्ग से.मी. छन् भने AR को लम्बाई पत्ता लगाउनुहोस् ।



In the given figure, PQRS is a parallelogram. If $\angle QAR = 90^o$, AQ = 8 cm and the area of $\square PQRS$ is 72 sq. cm, find the length of AR.

(ख) दिइएको चित्रमा O वृत्तको केन्द्रबिन्दु हो । यदि $\angle BAC = 4x^o$ र $\angle ACB = 5x^o$ छन् भने $\angle BDC$ को नाप पत्ता लगाउनुहोस् ।



In the given figure, O is the centre of the circle. If $\angle BAC = 4x^o$ and $\angle ACB = 5x^o$, find the size of $\angle BDC$.

(ग) दिइएको चित्रमा O वृत्तको केन्द्रविन्दु हो । XY र XZ दुई स्पर्शरेखाहरु हुन् । यदि $\angle YXZ = 75^o$ भए $\angle YOZ$ को मान निकाल्नुहोस् ।



In the given figure, O is the centre of the circle. XY and XZ are two tangents. If $\angle YXZ = 75^o$, find the value of $\angle YOZ$.

९. (क) ΔPQR मा PR = 9 से.मी. र QR = 12 से.मी. छन् । यदि ΔPQR को क्षेत्रफल $27\sqrt{2}$ वर्ग से.मी. भए $\angle PRQ$ को मान पत्ता लगाउनुहोस् ।

In ΔPQR, PR = 9 cm and QR = 12cm. If the area of ΔPQR is $27\sqrt{2}$ sq. cm, find the value of $\angle PRQ$.

(ख) एउटा निरन्तर श्रेणीमा केही विद्यार्थीहरुको औसत तौल 50 कि.ग्रा. र तिनीहरुको तौलको योगफल ($\sum fm$) 1850 कि.ग्रा. छन् भने विद्यार्थीहरुको संख्या निकाल्नुहोस् ।

In a continuous series the average weight of some students is 50 kg and the sum of their weights ($\sum fm$) is 1850 kg. Find the number of students.

१०. (क) यदि एउटा डाइसलाई उछालियो र त्यही समयमा एउटा सिक्कालाई उफाऱ्यो भने डाइसमा रुढ संख्या र सिक्कामा पछिल्लो भाग पर्ने सम्भाव्यता निकाल्नुहोस् ।

If a dice is rolled and a coin is tossed at the same time, find the probability of occuring prime number on dice and tail on the coin.

(ख) राम्ररी फिटिएको 52 ओटा तासको गड्डीबाट दुईओटा तासहरु नहेरीकन एकपछि अर्को गरी पुन: नराखीकन झिक्दा राजा पर्ने र नपर्ने सम्भावित परिणामहरुका संम्भाव्यताहरुलाई एउटा वृक्षचित्रमा देखाउनुहोस् ।

Two cards are drawn randomly from a well shuffled deck of 52 cards in succession without replacement. Show the probabilities of possible outcomes of getting and not getting a king in a tree diagram.

क्रमश:

समूह 'ग' (Group 'C') [10x4=40]

११. एउटा समुदायमा गरिएको सर्वेक्षणमा 65% ले लोकगीत मन पराउँछन्; 50% ले आधुनिक गीत मन पराउँछन्; 30% ले दुवै गीत मन पराउँछन् र 450 जनाले दुवै गीतहरु मन पराएनन् भने
In a survey of a community, it was found that 65% liked folk songs, 50% liked modern songs, 30% like both songs and 450 didn't like both the songs then,

i) माथिको तथ्यलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस्।
draw a venn-diagram to illustrate the above information.

ii) सर्वेक्षणमा सहभागि मानिसहरुको संख्या पत्ता लगाउनुहोस्।
find the number of people participated in the survey.

iii) लोकगीत मात्र मन पराउने मानिसको संख्या पत्ता लगाउनुहोस्।
find the number of poeple who like folk songs only.

१२. एक जना व्यापारीले $1 = ने.रु 110 को दरमा रु.5,50,000 को अमेरिकी डलर साट्यो। चार दिन पछि नेपाली मुद्रा 10% ले अधिमूल्यन भयो र उक्त दिनमा पुन: उसँग भएको डलर नेपाली मुद्रामा साट्दा उसलाई कति नाफा वा नोक्सान भयो होला ? पत्ता लगाउनुहोस्।
A businessman exchanged Rs. 5,50,000 into US dollar at the rate of $1 = NRs. 110. After four days Nepali currency was revaluated by 10% and in that day he exchanged the dollars he had into to Nepali currency again. What is his gain or loss? Find it.

१३. दिइएको चित्र वेलना र सोली मिलेर बनेको एउटा संयुक्त ठोस वस्तु हो। सो वस्तुको आधारको व्यास 10 से.मी., बेलनाकार भागको लम्बाइ 128 से.मी. र ठोस वस्तुको जम्मा लम्वाइ 140 से.मी. छन्। उक्त ठोस वस्तुको पूरा सतहको क्षेत्रफल पत्ता लगाउनुहोस्।



The given figure is combined solid made up of a cylinder and a cone. The diameter of the base of the object is 10 cm, length of the cylindrical part is 128 cm and the total length of the solid object is 140 cm. Find the total surface area of the solid object.

१४. म.स. निकाल्नुहोस् (Find the H.C.F of) :
$p^3 + 4p^2q + 4pq^2$, $p^4 + 8pq^3$ and $3p^4 + p^3q - 10p^2q^2$

१५. सरल गर्नुहोस्। (Simplify) :

$$\frac{1}{1-m+m^2} - \frac{1}{1+m+m^2} - \frac{2m}{1-m^2+m^4}$$

क्रमश:

१६. चित्रमा एउटै आधार NA र NA||TM बीच बनेका समानान्तर चतुर्भुजहरु NAME र NART छन् । प्रमाणित गर्नुहोस् :



i) $\Delta NET \cong \Delta AMR$

ii) $\square$NAME को क्षेत्रफल = $\square$NART को क्षेत्रफल

In the figure, parallelograms NAME and NART are standing on same base NA and between NA||TM. Prove that :

i) $\Delta NET) \cong \Delta AMR$

ii) Area of $\square$NAME = Area of $\square$NART

१७. PQ = 5 से.मी., QR = 5.5 से.मी., RS = 5.5 से.मी., SP = 6.5 र $\angle PQR=75^o$ भएको चतुर्भुज PQRS को रचना गर्नुहोस् । उक्त चतुर्भुजको क्षेत्रफलसँग बराबर हुने त्रिभुज QRM को पनि रचना गर्नुहोस् ।

Construct a quadrilateral PQRS with PQ = 5 cm, QR = 5.5 cm, RS = 5.5 cm, SP = 6.5 cm and $\angle PQR=75^o$. Also construct a triangle QRM whose area is equal to quadrilateral PQRS.

१८. वृत्तको एउटै चाप BN मा आधारित परिधी कोण BAN र केन्द्रीय कोण BIN बीचको सम्बन्ध प्रयोगद्वारा सिद्ध गर्नुहोस् । (कम्तीमा 3 से.मी. अर्धव्यास भएका दुईओटा वृत्तहरु आवश्यक छन् ।)

Verify experimentally the relationship between circumferences angle BAN and central angle BIN standing on the same arc BN of a circle. (Two circles having radii at least 3 cm are necessary)

१९. एउटा घर र मन्दिरको उचाई क्रमश: 10 मिटर र 22 मीटर छन् । यदि मन्दिरको छानाबाट एक व्यक्तिले घरको छतमा हेर्दा अवनति कोण 30^o पाउँछ भने घर र मन्दिरबीचको दूरी पत्ता लगाउनुहोस् ।

The heights of a house and a temple are 10 metre and 22 metre respectively. If a man observes the roof of house from the roof of temple and gets the angle of depression to be 30^o, find the distance between the house and temple.

२०. तल दिइएको तथ्यांकको मध्यिका गणना गर्नुहोस् ।

Compute the median from following data:

उमेर वर्षमा (Age in years)	0-10	10-20	20-30	30-40	40-50
मानिसको संख्या (No. of People)	2	5	4	3	2

समूह 'घ' (Group 'D') [4x5=20]

२१. एकजना व्यक्तिले बैङ्क 'X' मा दुई वर्षका लागि रु. 1,00,000 वार्षिक 10% चक्रीय ब्याज पाउने गरी जम्मा गरेछन् । तर ठीक एक वर्ष पछि बैङ्कले नीति परिवर्तन गरी सोही ब्याजदरमा अधवार्षिक चक्रीय ब्याज दिने निर्णय गरेछ । पहिलो वर्षको र दोस्रो वर्षको ब्याज रकममा कति प्रतिशतले फरक परेछ ? हिसाब गरी कारण लेख्नुहोस् ।

A person deposited Rs. 1,00,000 in a bank 'X' for two years at 10% annual compounded interest. But after one year bank has changed the policy and decided to pay semi-annual compound interest at the same rate. What is the percentage difference between compound interests of the first year and second year ? Give reason with calculation.

२२. एउटा रंगशालाको गेटका चारैओटा सतहहरु देखिने 8 फिट अग्ला दुईओटा पिलरहरुमाथि उही आधारका एक-एक ओटा 4 फिट उचाई भएका पिरामिडहरु राखिएका छन् । प्रत्येक पिलरको आधार 6 फिट x 6 फिट छ । यदि उक्त पिरामिडसहितको पिलरहरुमा प्रति वर्ग फिट रु. 100 का दरले रङ्ग लगाउँदा जम्मा कति खर्च लाग्छ ? पत्ता लगाउनुहोस् ।

Two pillars of height 8 feet each with four faces shown, of the gate of a stadium have one-one pyramid of height 4 feet each having same base on their tops. The base of each pillar is 6 ft x 6 ft. If the pillars with pyramid are painted at the rate of Rs. 100 per square feet, what will be the total cost? Find it.

२३. एउटा आयताकार जग्गाको क्षेत्रफल 720 वर्ग मिटर र परिमिति 108 मिटर छन् । उक्त जग्गालाई वर्गाकार बनाउन लम्बाई अथवा चौडाइलाई के कति प्रतिशतले घटाउनु पर्छ र किन ? पत्ता लगाउनुहोस् ।

The area of a rectangular land is 720 sq. metre and perimeter is 108 metre. Out of length or breadth, which one is to be decreased by what percentage to make it a square? Find it.

२४. विन्दुहरु B, E, S, T चक्रीय छन् । जहाँ चाप BT = चाप SE छ । यदि जीवा BS र जीवा ET एकआपसमा विन्दु L मा प्रतिच्छेदित भएका छन् भने प्रभाणित गर्नुहोस् ।

i) क्षेत्रफल (ΔBLT) = क्षेत्रफल (ΔSEL).

ii) जीवा BS = जीवा ET.

Points B, E, S, T are concyclic such that arc BT = arc SE. If the chord BS and chord ET are intersected at the point L, prove that :

i) Area of ΔBLT = Area of ΔSEL.

ii) chord BS = chord ET.

Symbol No. ..... **SEE 2075 (2019)** RE-109'CP'

अनिवार्य गणित

नयाँ पाठ्यक्रम

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।

समय: ३ घण्टा पूर्णाङ्क - १००

सबै प्रश्नहरूको उत्तर दिनुहोस् ।
Answer all the questions.

समूह 'क' (Group 'A') **[3x(1+1)=6]**

१. (क) यदि कुनै ठाउँका शुरुको जनसंख्या X_0 र वार्षिक जनसंख्या वृद्धिदर R% भए सो ठाउँको Y वर्षपछिको जनसंख्या कति हुन्छ ? लेख्नुहोस् ।
If initial population of any place is X_0 and annual rate of population growth is R%, then what is the population of that place after Y years? Write it.

(ख) बराबर भुजाहरुको नाप 'm' से.मी. र तेस्रो भुजाको नाप 'n' से.मी. भएको एउटा समद्विवाहु त्रिभुजको क्षेत्रफल लेख्नुहोस् ।
Write the area of an isosceles triangle having length of equal sides 'm' cm and third side is 'n' cm.

२. (क) $(9m)^0$ को मान कति हुन्छ ? लेख्नुहोस् ।
What is the value of $(9m)^0$? Write it.

(ख) अविच्छिन्न श्रेणीको तथ्याङ्कलाई तल्लो 25% मा विभाजन गर्ने चतुर्थांशको नाम लेख्नुहोस् ।
Write the name of the quartile which divides the continuous data below 25%.

३. (क) एउटै आधार MN र उही समानान्तर रेखाहरु MN र AB बीच रहेका आयात र त्रिभुजको क्षेत्रफलबीचको सम्बन्ध लेख्नुहोस् ।
Write down the relation between the area of a rectangle and a triangle standing on the same base MN and between the same parallel lines MN and AB.

(ख) चक्रिय चतुर्भुजका सम्मुख कोणहरुबीचको सम्बन्ध लेख्नुहोस् ।
Write the relation between the opposite angles of a cyclic quadrilateral.

क्रमश:

समूह 'ख' (Group 'B') [4x(2+2)+3x(2+2+2)=34]

४. (क) रु. 1800 पर्ने एउटा झोलामा 13% मूल्य अभिवृद्धि कर लगाउँदा उक्त झोलाको मूल्य कति पर्छ ? पत्ता लगाउनुहोस् ।
What is the price of a bag costing Rs.1800 after levying 13% Value Added Tax? Find it.

(ख) एउटा कारको हालको मूल्य रु. 20,00,000 छ । यदि यसको मूल्य प्रतिवर्ष 10% ले घट्दै जान्छ भने कति वर्ष पछि यसको मूल्य रु. 14,58,000 हुन्छ ? पत्ता लगाउनुहोस् ।
The present price of a car is Rs.20,00,000. If its price reduces by 10% annually, after how many years it's price will be Rs.14,58,000? Find it?

५. (क) दिइएको चित्रमा ΔMNO को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
Find the area of ΔMNO in the given figure..



(ख) यदि एउटा अर्धगोलाको आयतन 486π घन से.मी. भए यसको अर्धव्यास पत्ता लगाउनुहोस् ।
If the volume of a hemisphere is 486π cubic cm., then find its radius.

(ग) दिइएको चित्रमा प्रिज्मको आयताकार सतहहरुको क्षेत्रफल 180 वर्ग से.मी., ∠PQR = 90°, PR = 5 से.मी. र P'Q' = 3 से.मी. भए PP' को लम्बाइ पत्ता लगाउनुहोस् ।
In the given figure, the area of rectangular surfaces of the prism is 180 sq. cm, ∠PQR = 90°, PR = 5 cm and P'Q' = 3 cm. Find the length of PP'.



६. (क) प्रमाणित गर्नुहोस् (Prove that) : $\frac{4^{a+2}+4^{a}}{17\times 4^{a}}=1$.

(ख) हरको आनुपातिकरण गर्नुहोस् (Rationalize the denominator of) : $\frac{\sqrt{3}+\sqrt{2}}{\sqrt{3}-\sqrt{2}}$

७. (क) ल.स. पत्ता लगाउनुहोस् (Find the L.C.M. of) : $p^2 - q^2$, $(p + q)^2$

(ख) हल गर्नुहोस् (Solve) : $\sqrt{w+4}=\sqrt[3]{64}$.

(ग) यदि दुईओटा क्रमागत जोर संख्याहरुको योगफल 34 भए ती संख्याहरु पत्ता लगाउनुहोस् ।
If the sum of the two consecutive even numbers is 34, find the numbers.

क्रमशः

८. (क) दिइएको चित्रमा WXYZ एउटा समानान्तर चतुर्भुज हो । यदि $\angle XAY=90^o$, AY = 8 से.मी. र स.च. WXYZ को क्षेत्रफल 64 वर्ग से.मी. भए AX को लम्बाइ पत्ता लगाउनुहोस् ।



In the given figure, WXYZ is a parallelogram. If $\angle XAY = 90^o$, AY= 8 cm and the area of parallelogram WXYZ is 64 sq.cm, find the length of AX.

(ख) दिइएको चित्रमा M वृत्तको केन्द्रबिन्दु हो । यदि $\angle GEF=2x^o$ र $\angle EGF = 3x^o$ छन् भने $\angle FHG$ को मान पत्ता लगाउनुहोस् ।



In the given figure, M is the centre of the circle. If $\angle GEF=2x^o$ and $\angle EGF = 3x^o$, find the value of $\angle FHG$.

(ग) दिइएको चित्रमा X वृत्तको केन्द्रविन्दु हो । AB र AC स्पर्श रेखाहरु हुन् । यदि $\angle BXC= 105^o$ भए $\angle BAC$ को मान निकाल्नुहोस् ।



In the given figure, X is the centre of the circle. AB and AC are two tangents to the circle. If $\angle BXC=105^o$, find the value of $\angle BAC$.

९. (क) ΔDEF मा DE = $12\sqrt{3}$ से.मी., $\angle DEF = 60^o$ र ΔDEF को क्षेत्रफल 36 वर्ग से.मी. भए EF को नाप निकाल्नुहोस् ।

In ΔDEF, DE = $12\sqrt{3}$ cm, $\angle DEF = 60^o$ and the area of ΔDEF is 36 sq. cm, find the measurement of EF.

(ख) एउटा अविछिन्न श्रेणीमा केही विद्यार्थीहरुको औसत प्राप्ताङ्क 40 र तिनीहरुको प्राप्ताङ्को योगफल ($\sum fm$) 1200 भए विद्यार्थीहरुको संख्या निकाल्नुहोस् ।

In a continuous series the average marks of some students is 40 and the sum of their marks ($\sum fm$) is 1200. Then find the number of students.

१०. (क) यदि एउटा डाइसलाई उछालियो र त्यही समयमा एउटा सिक्कालाई उफाऱ्यो भने डाइसमा विजोर संख्या र सिक्कामा अग्रभाग आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।

If a dice is rolled and a coin is tossed at the same time, find the probability of occuring odd number on dice and head on the coin.

(ख) राम्ररी फिटिएको 52 ओटा तासको गड्डीबाट दुईओटा तासहरु नहेरीकन एकपछि अर्को गरी पुन: नराखीकन झिक्दा एक्का पर्ने र नपर्ने सम्भावित परिमाणहरुका सम्भाव्यताहरुलाई एउटा वृक्षचित्रमा देखाउनुहोस् ।

Two cards are drawn randomly form a well shuffled deck of 52 cards in succession without replacement. Show the probabilities of possible outcomes of getting Ace and not getting Ace in a tree diagram.

क्रमश:

समूह 'ग' (Group 'C') [10x4=40]

११. एउटा समूदायका मानिसहरुमा गरिएको सर्वेक्षणमा 70% ले दही मन पराउँछन्, 60% ले दुध मन पराउँछन, 20% ले दही र दुध दुवै मन पराउँदैनन् र 550 जनाले दही र दुध दुवै मन पराउँछन भने

In a survey of people of a community, it was found that 70% liked curd, 60% liked milk, 20% don't like both curd and milk and 550 liked both curd and milk then,

i) माथिको तथ्यलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस् ।
draw a venn-diagram to illustrate the above information.

ii) सर्वेक्षणमा सहभागि जम्मा मानिसहरुको संख्या पत्ता लगाउनुहोस् ।
find the total number of people participated in the survey.

iii) दही मात्र मन पराउने मानिसहरुको संख्या पत्ता लगाउनुहोस् ।
find the number of people who like curd only.

१२. एकजना व्यापारीले $1 = ने.रु. 110 को दरमा नेपाली मुद्रा रु.6,60,000 को अमेरिकन डलर साट्यो । चारदिन पछि नेपाली मुद्रा 10% ले अधिमूल्यन भयो र उक्त डलर पुन: नेपाली मुद्रामा साट्दा उसलाई कति नाफा वा नोक्सान भयो होला ? पत्ता लगाउनुहोस् ।

A businessman exchanged Nepali currency Rs.6,60,000 into US dollar at the rate of $1=NRs.110. After four days Nepali currency is revaluated by 10% and he exchanged the dollars into Nepali currency again. What is his gain or loss? Find it.

१३. दिइएको चित्र वेलना र सोली मिलेर बनेको एउटा संयुक्त ठोस वस्तु हो । सो ठोस वस्तुको आधारको व्यास 6 से.मी., वेलनाकार भागको लम्बाइ 116 से.मी. र ठोस वस्तुको जम्मा लम्बाई 120 से.मी. छन् । उक्त ठोस वस्तुको पूरा सतहको क्षेत्रफल पत्ता लगाउनुहोस् ।



The given figure is a combined solid made up of a cylinder and a cone. The diameter of the base of the solid object is 6 cm, length of the cylindrical part is 116 cm. and the total length of the solid object is 120 cm. Find the total surface area of the solid object.

१४. म.स. निकाल्नुहोस् (Find the H.C.F of) :

$p^2+4pq+4q^2$, p^4+8pq^3 and $3p^4-10p^2q^2+p^3q$

१५. सरल गर्नुहोस् । (Simplify) :

$$\frac{1}{1-p+p^2}-\frac{1}{1+p+p^2}-\frac{2p}{1-p^2+p^4}$$

१६. दिइएको चित्रमा, EF||GH, EI||FG र FJ||GI छन् भने, प्रमाणित गर्नुहोस् :



i) $\Delta EFJ \cong \Delta HGI$

ii) समानान्तर चतुर्भुज EFGH को क्षेत्रफल = समानान्तर चतुर्भुज FGIJ को क्षेत्रफल

In the given figure, EF||GH, EI||FG and FJ||GI, then prove that:

i) $\Delta EFJ \cong \Delta HGI$

ii) Area of parallelogram EFGH = Area of parallelogram FGIJ

१७. चतुर्भुज MNOP को रचना गर्नुहोस् जसमा NO = MN = 4.2 से.मी., OP = PM = 5.2 से.मी. र $\angle NOP=75^{o}$ छ । उक्त चतुर्भुज MNOP को क्षेत्रफलसँग बराबर हुने ΔPQO को पनि रचना गर्नुहोस् ।

Construct a quadrilateral MNOP in which NO = MN = 4.2 cm, OP = PM = 5.2 cm and $\angle NOP=75^{o}$. Also construct the ΔPQO which is equal in area to the quadrilateral MNOP.

१८. वृत्तको एउटै चाप BD मा आधारित परिधिकोण BED केन्द्रीय कोण BCD को आधा हुन्छ भनी प्रयोगात्मक रुपमा परीक्षण गर्नुहोस् । (कम्तीमा 3 से.मी. अर्धव्यास भएका दुईओटा वृत्तहरु आवश्यक छन् ।)

Verify experimentally that the circumference angle BED is half of the central angle BCD standing on the same arc BD of a circle. (Two circles having radii at least 3 cm are necessary)

१९. एउटा घर र मन्दिरको उचाइहरु क्रमश: 13 मिटर र 25 मिटर छन् । यदि एकजना मानिसले मन्दिरको छानाबाट घरको छतमा अवलोकन गर्दा अवनति कोण 45^{o} पाउछ भने घर र मन्दिर बीचको दूरी पत्ता लगाउनुहोस् ।

The heights of a house and a temple are 13 m and 25 m respectively. If a man observes the roof of a house from the roof of a temple he finds the angle of depression 45^{o}, find the distance between the house and temple.

२०. तल दिइएको तथ्यांकबाट मध्यिका पत्ता लगाउनुहोस् ।

Find the median from the data given below.

श्रेणी अन्तर (Class interval)	40-50	50-60	60-70	70-80	80-90
बारम्बारता (Frequency)	7	8	6	5	4

समूह 'घ' (Group 'D') [4x5=20]

२१. एकजना व्यक्तिले बैङ्क 'p' मा 2 वर्षका लागि रु. 55,000 वार्षिक 10% चक्रीय ब्याज पाउने गरी जम्मा गरेछ। तर ठीक एक वर्ष पछि बैङ्कले नीति परिवर्तन गरी सोही ब्याजदरमा अर्धवार्षिक. चक्रीय ब्याज दिने निर्णय गरेछ। पहिलो वर्ष र दोस्रो वर्षको ब्याज रकममा कति प्रतिशतले फरक परेछ ? हिसाब गरी कारण लेख्नुहोस्।

A person deposited Rs. 55,000 in bank 'p' for 2 years at 10% compound interest compounded annually. But after one year bank has changed the policy and decided to pay semi-annual, compound interest at the same rate. What is the percentage difference between the compound interests of the first year and second year? Give reason with calculation.

२२. एउटा रंगशालाको गेटका चारैओटै सतह देखिने 8 फिट अग्ला दुईओटा पिलरहरुमाथि उही आधारका एक-एकओटा 4 फिट उचाई भएका पिरामिडहरु राखिएका छन्। प्रत्येक पिलरको आधार 6 फिट x 6 फिट छ। यदि उक्त पिरामिडसहितको पिलरहरुमा प्रति वर्ग फिट रु. 75 का दरले रङ लगाउँदा जम्मा कति खर्च लाग्छ ? पत्ता लगाउनुहोस्।

Two pillars of height 8 feet each with four faces shown, of the gate of a stadium have one-one pyramid of height 4 feet each having same base on their tops. The base of each pillar is 6 ft x 6 ft. If the pillars with pyramid are painted at the rate of Rs. 75 per square feet, what will be the total cost? Find it.

२३. एउटा आयताकार जग्गाको क्षेत्रफल 3000 वर्ग मिटर र परिमिति 220 मिटर छन्। उक्त जग्गालाई वर्गाकार बनाउन लम्बाई अथवा चौडाइलाई के कति प्रतिशतले घटाउनु पर्छ ? पत्ता लगाउनुहोस्।

The area of a rectangular land is 3000 sq. metres and perimeter is 220 metres. Out of length or breadth which one is to be decreased by what percentage to make it square? Find it.

२४. विन्दुहरु K, L, M र N चक्रीय छन्। जहाँ चाप KL = चाप NM छन्। यदि जीवाहरु KM र LN विन्दु P मा प्रतिच्छेदन भएका छन् भने प्रमाणित गर्नुहोस्।

i) ΔKPL को क्षेत्रफल = ΔNPM को क्षेत्रफल

ii) जीवा KM = जीवा LN

Points K, L, M and N are concyclic such that arc KL = arc NM. If the chords KM and LN are intersected at a point P, then prove that:

i) Area of ΔKPL = Area of ΔNPM.

ii) chord KM = chord LN.

ଓଇ

Symbol No. ..... RE-109'DP'

SEE 2075 (2019)

अनिवार्य गणित

नयाँ पाठ्यक्रम

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।

समय: ३ घण्टा पूर्णाङ्क - १००

सबै प्रश्नहरूको उत्तर दिनुहोस् ।
Answer all the questions.

समूह 'क' (Group 'A') **[3x(1+1)=6]**

१. (क) यदि कुनै ठाउँको शुरुको जनसङ्ख्या M_0 र वार्षिक जनसङ्ख्या वृद्धिदर Y% भए सो ठाउँको T वर्षपछिको जनसङ्ख्या कति हुन्छ ? लेख्नुहोस् ।
If initial population of any place is M_0 and the rate of population growth is Y%, what is the population of that place after T years? Write it.

(ख) बराबर भुजाहरुको नाप 'c' से.मी. र तेस्रो भुजाको नाप 'd' से.मी. भएको एउटा समद्विवाहु त्रिभुजको क्षेत्रफल लेख्नुहोस् ।
Write the area of an isosceles triangle having length of equal sides 'c' cm and third side 'd' cm.

२. (क) $(12y)^0$ को मान कति हुन्छ ? लेख्नुहोस् ।
What is the value of $(12y)^0$? Write it.

(ख) अविच्छिन्न श्रेणीको तथ्याङ्कलाई तल्लो 25% मा विभाजन गर्ने चतुर्थांशको नाम लेख्नुहोस् ।
Write the name of the quartile which divides the continuous data below 25%.

३. (क) एउटै आधार CD र उही समानान्तर रेखाहरु CD र EF बीच रहेका वर्ग र त्रिभुजको क्षेत्रफलबीचको सम्बन्ध लेख्नुहोस् ।
Write down the relation between the area of a square and a triangle standing on the same base CD and between the same parallel lines CD and EF.

(ख) चक्रीय चतुर्भुजका सम्मुख कोणहरुबीचको सम्बन्ध लेख्नुहोस् ।
Write the relation between the opposite angles of a cyclic quadrilateral.

क्रमश:

समूह 'ख' (Group 'B') [4x(2+2)+3x(2+2+2)=34]

४. (क) रु. 1400 पर्ने एउटा सामानमा 13% मूल्य अभिवृद्धि कर लगाउँदा उक्त सामानको मूल्य कति हुन्छ ?पत्ता लगाउनुहोस् ।
What is the price of an article costing Rs.1400 after levying 13% Value Added Tax? Find it.

(ख) एउटा टेलिभिजनको हालको मूल्य रु. 35,000 पर्दछ । यदि यसको मूल्य प्रतिवर्ष 10% ले घट्दै जान्छ भने कति वर्ष पछि यसको मूल्य रु. 25,515 हुन्छ ? पत्ता लगाउनुहोस् ।
The present price of a television is Rs.35,000. After how many years the price will be Rs. 25,515 if its price reduces by 10% per annum? Find it?

५. (क) दिइएको चित्रमा ΔMNO को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
Find the area of ΔMNO in the given figure.



(ख) यदि एउटा अर्धगोलाको आयतन 18π घन से.मी. भए यसको अर्धव्यास पत्ता लगाउनुहोस् ।
If the volume of a hemisphere is 18π cubic cm., then find its radius.

(ग) दिइएको चित्रमा AW = 20 से.मी., WW' = 10 से.मी., WX = 16 से.मी. र प्रिज्मको आयताकार सतहहरुको क्षेत्रफल 480 वर्ग से.मी. भए AX को नाप पत्ता लगाउनुहोस् ।
In the given figure, AW = 20 cm, WW' = 10 cm, WX = 16 cm and the area of rectangular surfaces of a prism is 480 square cm. Find the length of AX.



६. (क) प्रमाणित गर्नुहोस् (Prove that) : $\frac{11^{x+2}+11^{x}}{122\times11^{x}}=1$.

(ख) हरको आनुपातिकरण गर्नुहोस् (Rationalize the denominator of) : $\frac{\sqrt{5}+\sqrt{4}}{\sqrt{5}-\sqrt{4}}$

७. (क) ल.स. पत्ता लगाउनुहोस् (Find the L.C.M. of) : $w^2 - y^2$, $(w + y)^2$

(ख) हल गर्नुहोस् (Solve) : $\sqrt{y-5}=\sqrt[3]{216}$.

(ग) यदि दुईओटा क्रमागत जोर संख्याहरुको योगफल 26 भए ती सङ्ख्याहरु पत्ता लगाउनुहोस् ।
If the sum of the two consecutive even numbers is 26, find the numbers.

क्रमश:

८. (क) दिइएको चित्रमा GOAT एउटा समानान्तर चतुर्भुज हो । यदि $\angle AMT=90^o$, MT = 16 से.मी. र $\square$GOAT को क्षेत्रफल 160 वर्ग से.मी. छन् भने MA को लम्बाई पत्ता लगाउनुहोस् ।



In the given figure, GOAT is a parallelogram. If $\angle AMT = 90^o$, MT= 16 cm and the area of $\square$GOAT is 160 sq. cm, find the length of MA.

(ख) दिइएको चित्रमा O वृत्तको केन्द्रबिन्दु हो । यदि $\angle SPQ=5y^o$ र $\angle PSQ = 4y^o$ छन् भने $\angle PRQ$ को मान पत्ता लगाउनुहोस् ।



In the given figure, O is the centre of the circle. If $\angle SPQ=5y^o$ and $\angle PSQ = 4y^o$, find the value of $\angle PRQ$.

(ग) दिइएको चित्रमा O वृत्तको केन्द्रविन्दु हो । TN र TP स्पर्श रेखाहरु हुन् । यदि $\angle AOB= 60^o$ भए $\angle ATB$ को मान निकाल्नुहोस् ।



In the given figure, O is the centre of the circle. TN and TP are two tangents. If $\angle AOB=60^o$, find the value of $\angle ATB$.

९. (क) ΔSPQ मा SP = 18 से.मी. र SQ = 12 से.मी. छन् । यदि ΔSPQ को क्षेत्रफल $54\sqrt{3}$ वर्ग से.मी. भए $\angle PSQ$ को मान निकाल्नुहोस् ।

In ΔSPQ, SP= 18 cm and SQ = 12 cm. If the area of ΔSPQ is $54\sqrt{3}$ sq. cm, find the value of $\angle PSQ$.

(ख) एउटा निरन्तर श्रेणीमा केही विद्यार्थीहरुको औसत तौल 42 कि.ग्रा. र तिनीहरुको तौलको योगफल ($\sum fm$) 504 कि.ग्रा. छ भने विद्यार्थीहरुको सङ्ख्या निकाल्नुहोस् ।

In a continuous series the average weight of some students is 42 kg and the sum of their weights($\sum fm$) is 504 kg. Find the number of students.

१०. (क) यदि एउटा डाइसलाई उछालियो र उही समयमा एउटा सिक्कालाई उफाऱ्यो भने डाइसमा रुढ सङ्ख्या र सिक्कामा अग्रभाग आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।

If a dice is rolled and a coin is tossed at the same time, find the probability of getting prime number on dice and head on the coin.

(ख) राम्रो फिटिएको 52 ओटा तासको गड्डीबाट दुईओटा तासहरु नहेरीकन एकपछि अर्को गरी पुनः नराखीकन झिक्दा राजा तास पर्ने र नपर्ने सम्भावित परिमाणहरुका सम्भाव्यताहरुलाई एउटा वृक्षचित्रमा देखाउनुहोस् ।

क्रमशः

Two cards are drawn randomly in succession without replacement from a well-shuffled deck of 52 cards. Show the probabilities of all the possible outcomes of getting and not getting a king card in a tree diagram.

समूह 'ग' (Group 'C') [10x4=40]

११. मानिसहरूको एउटा समूहमा गरिएको सर्वेक्षणमा 60% मानिसले स्याउ मन पराएको पाइयो, 70% मानिसले सुन्तला मन पराएको र 400 ले दुवै मन पराएको पाइयो । यदि 10% मानिसहरूलाई कुनै पनि फलफूलमा रुचि नभएको पाइयो भने ,

In a survey of a group of people, it was found that 60% of the people liked apple, 70% liked orange and 400 people liked both of them. If 10% people liked non of them, then

i) माथिको तथ्यलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस् ।

draw a venn-diagram to illustrate the above information.

